चन्द्रनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही

मधेश प्रदेश, नेपाल

CamScanner

आज मिति २०८२/१२/१५ गते आईतवार चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालयमा यस गाउँपालिकाका अध्यक्ष श्री राज कुमार महतोज्यूको अध्यक्षतामा तपसिल वमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाउँ कार्यपालिकाको वैठक वस्यो ।

## उपस्थिति

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री राज कुमार महतो | अध्यक्ष | |
| २ | श्री गिता देवी महतो | उपाध्यक्ष | |
| ३ | श्री रामेश्वर प्रसाद महतो | सदस्य | |
| ४ | श्री शम्भु साह तेली | सदस्य | |
| ५ | श्री सिताराम महतो | सदस्य | |
| ६ | श्री राजिव सिहं दनुवार | सदस्य | |
| ७ | श्री सुर्यवंश राय | सदस्य | |
| ८ | श्री राम स्वरुप कुर्मी | सदस्य | |
| ९ | श्री दिपेन्द्र कुमार चौधरी | सदस्य | |
| १० | श्री समीना वेगम | सदस्य | |
| ११ | श्री रविन्द्र सिहं | सदस्य | |
| १२ | श्री किशोर मुखिया | सदस्य | |
| १३ | श्री लतीपान खातुन | सदस्य | |
| १४ | श्री भगवनीया देवी कापर | सदस्य | |
| १५ | श्री रिता देवी मुसहर | सदस्य | |
| १६ | श्री जय किशोर साह | सदस्य सचिव (प्र.प्र.अ.) | |

CamScanner

| आमन्त्रित | | | |
|---|---|---|---|
| १७ | कृष्ण प्रसाद आचार्य | प्रशासन शाखा | |
| १८ | सुनिल कुमार साह | लेखाशाखा | |
| १९ | राजुश कुमार यादव | ईन्जिनियर आठौं | |
| २० | पचुलाल माझी | सेवाकेन्द्र प्रमुख | |

**प्रस्तावहरु :**

१. तराई मधेश समृद्धी कार्यक्रम सम्बन्धमा ।

२. डोजर, सेफटी टयाङ्की र पानी टयाङ्कीको महशुल सम्बन्धमा ।

३. व्याक लोडर संचालन सम्बन्धमा ।

४. धरौटीको रकम राजश्व खातामा दाखिला गर्ने सम्बन्धमा ।

५. विषयगत समिति सम्बन्धमा ।

६. ४० माइकोन भन्दा पातलो पलाष्टिक प्रतिबन्ध सम्बन्धमा ।

७. पक्की आरसिसि फ्रेम तथा लोडबेरिङ्ग एसट्रकचर एक ताला बनाउदा घर नकसा अनिवार्य लागु गर्ने सम्बन्धमा ।

८. स्थानीय सडकको अधिकार क्षेत्र निर्धारण गर्न परामर्श दाता सँग डिटेल प्रोफाईल बनाई निर्धारण गर्ने सम्बन्धमा ।

९. ठेक्का रकम असुली सम्बन्धमा ।

१०. समरसियल विधुत मिटर जडान तथा विधुत महशुल सम्बन्धमा ।

११. मुल पक्की सडकको दायाँबायाँ खाली गराउने सम्बन्धमा ।

१२. कार्य सम्पादन मूल्यांकन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाबाट प्राथमिकीकरण गरी तराई मधेश समृद्धि कार्यक्रममा तपसिल अनुसारको योजना पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | योजनाको नाम | अनुमानित लागत रकम | स्थान | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | गेरुका खोला नदी नियन्त्रण, तटबन्ध, सुलिगेट, बाँध निर्माण | | | |
| २ | जगदिश महतोको घर देखी भैइसियाही सम्म नाला निर्माण | | | |
| ३ | सोरवानाका कटही नदी नियन्त्रण | | | |
| ४ | मोहनपुर विद्यालय पूर्वाधार निर्माण | | | |

**निर्णय नं.२ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकामा रहेका सेफटी टयाङ्की, व्याक लोडर तथा पानी टयाङ्कीको गाउँसभाबाट तोकिएको भाडा रकम राजश्व शाखामा दाखिला गरी रसिद लिएर गए पछि मात्र सेफटी टयाङ्की, व्याक लोडर तथा पानी टयाङ्कीको प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकामा रहेका व्याक लोडर संचालन गर्नका लागी यसै पालिका वडा नं. ५ मा रहेका चालक अनिल कुमार महतोलाई अर्को व्यवस्था नभए सम्म मासिक ज्यालादारीमा व्याक लोडरको कामकाज गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिका वडा नं. ६ र ७ मा रहेको नाढीमन तालको ठेक्का लगाउदा ठेकेदार युरानी ऐग्रो ईन्डष्ट्रिज लि. ले रु २९,९९,९००/ जमानत वापतको रकम धरौटी खातामा जम्मा गरेकोले सो कबुल गरिएको वार्षिक ठेक्का किस्तामा मिलान गर्ने भएकोले सो रकम राजश्व खातामा रकमान्तर गरी आम्दानी बाध्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा भएको व्यवस्था अनुसार यस पालिकामा गठन भएका समितिहरु सक्रिय रुपमा कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको वडा नं. १ देखी ७ सम्म क्षेत्रभित्र ४० माईकोन भन्दा पातलो प्लाष्टिकको उत्पादन आयत विकी वितरण प्रयोग र प्रतिवन्ध लगाउने निर्णय गरियो ।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको वडा नं. १ देखी ७ सम्मको क्षेत्रभित्र मिति २०८३ साल बैशाख १ गते देखी लागु हुने गरी पक्की आरसिसि फ्रेम तथा लोडबेरिङग एसट्रकचर एक ताला बनाउदा घर नक्शा अनिर्वाय रुपले बनाई प्राविधिक शाखावाट पास गराए पश्चात मात्र निर्माण कार्य गर्ने र सो नगरेको पाईएमा पालिका र वडा कार्यालयबाट प्रदान गर्ने सेवासुविधा रोक्का गर्ने सोको प्रचारप्रसारका लागि सार्वजनिक सूचना गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको वडा नं. १ देखी ७ सम्मको क्षेत्रभित्र रहेको सडकको स्थानीय सडकको अधिकार क्षेत्र निर्धारण गर्न परामर्श दाता सँग डिटेल प्रोफाईल बनाई निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको मातहतमा रहेका पोखरीहरु पूर्णरुपमा ठेक्का संचालन गरी ठेक्का किस्ता वापत रकम बुझाउन बाकी रहेको ठेकेदारहरुको हकमा

CamScanner

ठेक्का रकम असुलीको लागी नियमानुसारको सम्पूर्ण प्रकृया पुरा गरी यस गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सम्पूर्ण सेवासुविधाहरु लगायत अन्य बैंक खाता रोक्का, विधुत, खानेपानी रोक्का गरी बाकी ठेक्का किस्ता रकम असुल उपर गराउने निर्णय गरियो ।

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा सार्वजनिक रुपले प्रयोग गरिरहेको यस चन्द्रनगर गाउँपालिकामा जडान भएको खानेपानी समरसियलको मिटर जडान र विधुत महशुल खर्च गाउँपालिकाबाट गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाको तपसिल अनुसारको मूल पक्की सडकको दायाँबायाँ किनारामा राखिएको सामग्रीहरु, गाई भैसी चौपैया, निजी सामग्रीहरुको कारणले सार्वजनिक दुर्घटना बढी भई धनजनको क्षति भएकोले १५ दिन भित्र सार्वजिनक स्थल सडकको दायाँबायाँ राखिएको गाईभैसी तथा निजी सामग्रीहरु हटाउन सूचना प्रकाशन गर्ने र तोकिएको समय भित्र सो कार्य नगरेमा स्थानीय प्रहरीहरु सित समन्वय गरी हटाउने सो कार्यमा अवरोध गर्नेलाईं कानून बमोजिम कार्वाहीको लागी सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिका र मातहतको कार्यालय तथा विद्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन पालिकाले तयार गरेको फारम बमोजिम तोकिएको समय भित्र तयार गरी पेश गर्ने निर्णय गरियो ।

CamScanner

मिति २०८२/१२/१५ गते आईतवारको दिन वसेको गाउँ कार्यपालिकाको वैठकमा माथि उल्लेख गरिए बमोजिम भएका निर्णयहरुमा सहमति गरियो ।

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री राज कुमार महतो | अध्यक्ष | |
| २ | श्री गिता देवी महतो | उपाध्यक्ष | |
| ३ | श्री रामेश्वर प्रसाद महतो | सदस्य | |
| ४ | श्री शम्भु साह तेली | सदस्य | सम्भु साह |
| ५ | श्री सिताराम महतो | सदस्य | |
| ६ | श्री राजिव सिहं दनुवार | सदस्य | |
| ७ | श्री सुर्यवंश राय | सदस्य | |
| ८ | श्री राम स्वरुप कुर्मी | सदस्य | रामस्वरुप |
| ९ | श्री दिपेन्द्र कुमार चौधरी | सदस्य | |
| १० | श्री समीना वेगम | सदस्य | |
| ११ | श्री रविन्द्र सिहं | सदस्य | |
| १२ | श्री किशोर मुखिया | सदस्य | किशोर |
| १३ | श्री लतीपान खातुन | सदस्य | |
| १४ | श्री भगवनीया देवी कापर | सदस्य | |
| १५ | श्री रिता देवी मुसहर | सदस्य | रिता |